प्रदेश सरकार
गण्डकी प्रदेश
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,

## पशु पन्छी तथा मत्स्य विकाश निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र

**म्याग्दी बेनी**

प्रदेश सरकार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र गण्डकी प्रदेश म्याग्दी

पत्र संख्या ०७५।०७६
च.न. १६०

मिति : २०७५।०९।०७

श्री बेनी नगरपालिका / मालिका / अन्नपुर्ण / रघुगंगा / मंगला / धौलागिरी गाउपालिका म्याग्दी ।
थासाङ / घरपझोङ / वाह्रगुङ / ल्होघ्याकर / ल्होमान्थाङ गाउपालिका मुस्ताङ ।

बिषय : सुचना पठाइएको वारे ।

प्रस्तुत सम्वन्धमा भुमि व्यवस्था कृषी तथा सहकारी मन्त्रालय गण्डकी प्रदेशको मिति २०७५।०९।०३ को सहकारी संघसस्थाहरूलाई आयोजना पेश गर्ने सम्वन्धी सुचना तहा कार्यालयमा टासीदिनुहुन अनुरोध छ । साथै भुमी व्यवस्था कृषी तथा सहकारी मन्त्रालय गण्डकी प्रदेशबाट समय समयमा विभिन्न प्रस्तावहरू माग हुने हुदा website www.molmac.p4.gov.np मा login गरिदिनुहुन समेत अनुरोध छ । ।

जीवन प्रसाद आचार्य
पशु चिकित्सक
केन्द्र प्रमुख

अन्नपूर्ण गाउँपालिका
दर्ता नं.: ४९९
दर्ता मिति: ०७५।०९।१२

**प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**गण्डकी प्रदेश, पोखरा**
**सहकारी सङ्घसंस्थाहरूलाई आयोजना प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना**
प्रकाशित मितिः २०७५/०९/०३

यस मन्त्रालयको आ.व. ०७५।०७६ को स्वीकृत **"उत्पादनमूलक सहकारी सङ्घ/संस्था प्रवर्द्धन/सहयोग कार्यक्रम"** र **"चक्लाबन्दीमा आधारित सहकारी/सामुहिक खेती प्रवर्द्धन सहयोग"** कार्यक्रमअनुसार सहकारी सङ्घसंस्थासँगको साझेदारीमा देहायका सहकारी आयोजना सञ्चालन गर्नका लागि बीउपुँजी वा पुँजीगत अनुदान प्रदान गरिने भएकाले त्यस्तो अनुदान प्राप्त गर्न चाहने गण्डकी प्रदेशभित्रका सहकारी सङ्घसंस्थाहरूले **"सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७५"** को अधीनमा रही यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र सम्बन्धित स्थानीय तहको सिफारिससहित यस मन्त्रालय वा कृषि ज्ञान केन्द्र वा पशु सेवा विज्ञ केन्द्रमा आइपुग्ने गरी आयोजना प्रस्ताव पेस गर्न कार्यविधिको दफा ९ बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

१. कृषी सहकारी संस्था वा श्रमिक सहकारी संस्था वा श्रममा आधारित सहकारिताको माध्यमबाट व्यवसायिक कृषक, बेरोजगार श्रमिक, विपन्न महिला, अपाङ्गता भएका व्यक्ति, दलित समुदाय वा अन्य पिछडिएका वर्गका सदस्यहरूले सञ्चालन गर्ने स्वरोजगारीका आयोजनाहरूका साथै भूमिहीन तथा सीमान्तीकृत कृषकहरूले सञ्चालन गर्ने सहकारी खेतीका आयोजनाहरूका लागि बीउपुँजी वा पुँजीगत अनुदान र सहकारी सङ्घसंस्थाले चक्लाबन्दीमा आधारित सहकारी खेती उत्पादनमा वा आफ्ना सदस्यहरूको सामूहिक उत्पादन सञ्चय, प्रशोधन तथा बजारीकरण गर्ने उत्पादनमूलक औधोगिक वा व्यावसायिक आयोजनाहरूका लागि जग्गाबाहेक पुँजीगत निर्माण/खरिदमा अनुदान उपलब्ध गराइनेछ ।

२. प्रस्ताव पेस गर्ने सहकारी सङ्घसंस्थाले उक्त म्यादभित्र देहायका कागजातहरु संलग्न गरी कार्यविधिको अनुसूची २ (दुई) को ढाँचामा यस मन्त्रालय वा कृषि ज्ञान केन्द्र वा पशु सेवा विज्ञ केन्द्रमा दरखास्त दिनुपर्नेछः

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि;
(ख) संस्थाको विनियमको प्रतिलिपि;
(ग) वार्षिक साधारण सभा निर्णयको प्रतिलिपि;
(घ) आर्थिक वर्ष २०७४।७५ को लेखापरीक्षण प्रतिवेदन;
(ङ) आर्थिक वर्ष २०७४।७५ को कर चुक्ताको प्रमाणपत्र;
(च) आयोजनाको प्रस्ताव;
(छ) आयोजना प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि;
(ज) सञ्चालक समितिका पदाधिकारीहरूको निर्वाचित मिति, तीन पुस्ते सहितको नाम, ठेगाना र सम्पर्क टेलिफोन नम्बर खुलेको विवरण ;
(झ) जग्गा प्राप्त गर्नुपर्नेमा प्राप्तिको भरपर्दो व्यवस्था खुल्ने कागजात;
(ञ) आयोजनाका लागि संस्थाको तर्फबाट परिचालन गरिने पुँजीको स्रोत खुलेको कागजात;
(ट) संस्था दर्ता भएको कम्तीमा दुई वर्ष पूरा भएको तर बीउपुँजी अनुदानको हकमा प्रारम्भिक साधारण सभा सम्पन्न गरेको निर्णयको प्रतिलिपि;
(ठ) स्थानीय तहको सहभागितामा सञ्चालन हुने आयोजना भए कूल लागतमा व्यहोर्ने रकम वा प्रतिशत सहितको प्रतिबद्धता पत्र र
(ड) कार्यविधिको अनुसूची ३ बमोजिमको विवरण ।

३. सम्बन्धित स्थानीय तहबाट सिफारिसका लागि प्राप्त हुन आएका आयोजना प्रस्तावहरू उपर कार्यविधिको दफा १२ बमोजिम प्रारम्भिक छानबिन गर्दा स्थानीय तह र मन्त्रालयमा उपलब्ध अभिलेख भिडाउनुका साथै स्थलगत निरीक्षणसमेत गर्न सकिनेछ र सोही कार्यविधिको अनुसूची ४ प्रारम्भिक जाँचसूचीमा न्युनत्तम अंक प्राप्त नगरेमा त्यस्तो दरखास्त स्वीकृत नहुने बेहोराको जानकारी आवेदक सङ्घसंस्थालाई गराइनेछ ।

४. प्रस्तावसाथ सम्बन्धित सहकारी सङ्घसंस्थाले आफ्नो तर्फबाट बेहोर्ने आन्तरिक स्रोत (शेयर/जगेडा कोष)को स्पष्ट आधार पेस गर्नुपर्नेछ तर आफ्नो तर्फबाट बेहोर्ने स्रोतबापत कुनै निकायको ऋण वा अनुदान प्रस्ताव गर्न पाइने छैन ।

५. अन्य निकायहरूबाट अनुदान प्राप्त गरिसकेका सङ्घसंस्थाहरूलाई सोही प्रयोजनका लागि अनुदान उपलब्ध गराइने छैन तर उद्योग वा सेवा, सुविधा विस्तार वा उत्पादनमा विविधीकरणका लागि अनुदान माग गर्न सकिनेछ ।

६. संस्थाको प्रत्यक्ष रोजगार पाउने सदस्य सङ्ख्याका आधारमा प्रति सदस्य बीस हजार रुपैयाँ वा कुल छ लाख रुपैयाँमा जुन घटी हुन्छ वा सीमान्तकृत समुदाय सम्मिलित संस्थाको हकमा प्रति सदस्य तीस हजार रुपैयाँ वा कुल सात लाख पचास हजार रुपैयाँमा जुन घटी हुन्छ सो बराबरसम्म बीउपुँजी उपलब्ध गराउन सकिनेछ ।

७. स्थिर पुँजीतर्फ दुर्गम क्षेत्रका लागि ७५ प्रतिशतसम्म र अन्य क्षेत्रका लागि ६० प्रतिशतसम्म (महिलाहरू मात्र सम्मिलित संस्थाको हकमा क्रमशः ८० प्रतिशतसम्म र ७० प्रतिशतसम्म) अनुदान प्रदान गर्न सकिनेछ ।

८. एउटै आयोजनाका लागि बीउपुँजी र पुँजीगत दुवै अनुदान प्रदान गरिने छैन ।

९. नेपाल सरकार वा स्थानीय तहको सम्बन्धित निकाय वा अन्य निकायहरूबाट प्रस्तावित आयोजना सञ्चालनका लागि प्राप्त भएको वा हुने आर्थिक, प्राविधिक वा भौतिक सहयोग वा उपयुक्तताको सिफारिस भए सोको विवरणका साथै तत्सम्बन्धी कागजात दरखास्तसाथ संलग्न गर्नुपर्नेछ ।

१०. पेस हुन आएको आयोजना प्रस्तावको मूल्याङ्कन सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७५ मा तोकिएका आधारहरू बमोजिम गरिनेछ ।

११. चालु आर्थिक वर्ष (२०७५।७६) को वार्षिक कार्यक्रम तथा बजेटका आधारमा प्राप्त आयोजना प्रस्तावहरू स्वीकृत गर्ने, नगर्ने अधिकार यस मन्त्रालयमा निहित रहनेछ ।

१२. दरखास्तको ढाँचा, आयोजना प्रस्तावको विवरण र छनौटसम्बन्धी विस्तृत जानकारी यस मन्त्रालयको वेभसाइट **(www.molmac.p4.gov.np)** मा राखिएको **"सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७५"** बाट प्राप्त गर्न सकिनेछ ।

१३. कुनै कारण जनाई वा नजनाई प्राप्त प्रस्तावहरू अस्वीकृत गर्न सकिनेछ ।

पुनश्चः पेस हुन आएका कागजात वा विवरण झुट्टा ठहरिएमा प्रचलित कानुनबमोजिम कारबाई हुने बेहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।